आ.व.२०७१।०७२ को

# वार्षिक प्रगति समीक्षा वैठक

प्र
ति
वे
द
न

२०७२

## जिल्ला विकास समितिको कार्यालय

रुपन्देही

२२ र २३ भाद्र २०७२

# जिल्ला विकास समितिको कार्यालय
# रुपन्देही

## आ.व.२०७१।०७२ को
## वार्षिक प्रगति समीक्षा गोष्ठीको प्रतिवेदन

### पृष्ठभूमि

जिल्लाको समग्र विकास गतिविधिहरुको सहभागितात्मक पद्धतिद्धारा योजना तर्जुमा गर्ने, स्वीकृत योजनाहरु कार्यान्वयन गर्ने, सञ्चालित योजनाहरुलाई परिणाममुखी वनाउन नियमित रुपमा अनुगमनतथा मुल्यांकन गर्ने र तिनको समीक्षा गर्ने जिल्ला विकास समितिको मूख्य जिम्मेवारी तथा कार्यक्षेत्रहो । जिल्ला परिषद एवं राष्ट्रिय योजना आयोगवाट स्वकृत कार्यक्रमहरु, जिविसको कार्यालय, विषयगत कार्यालय र विभिन्न गैरसरकारी संघसंथाहरुवाट सञ्चालित केन्द्रीय एवं जिल्लास्तरीय योजना/ आयोजनाहरुको समीक्षा गर्नुपर्ने व्यवस्था स्थानीय स्वायत्त शासन ऐन २०५५ ले गरेको र सोही ऐनको दफा २११ को उपदफा १ मा उल्लेख भए वमोजिम जिल्ला विकास समितिद्धारा जिल्ला विकास योजनाको समीक्षा गर्नु पर्ने व्यवस्था अनुरुप जिविसको कार्यालय रुपन्देहीद्धारा मिति २०७२।०७।२२।२३ गतेका दिन आ.व.२०७१।०७२को जिल्ला स्तरीय समिक्षा गोष्ठीको आयोजना गरियो ।

गत आ.व. मा संचालित कार्यक्रमको अपेक्षित भौतिक प्रगतिको तुलनामा वास्तविक भौतिक प्रगति कति भयो ? अपेक्षित नतिजाको तुलनामा वास्तविक नतिजाहरु के कति रहे ? योजना सञ्चालनमा विद्यमान समस्याहरु र चुनौतिहरु के कस्ता रहे? आगामी दिनमा योजना कार्यान्वयन प्रकृयामा के कसरी प्रभावकारिता ल्याउन सकिन्छ । यिनै कुरामा केन्द्रित रहेर प्रगति समिक्ष वैठक सञ्चालन गरिएको थियो ।

उक्त वैठकमा जिल्लाका सम्पुर्ण गाविसहरु, नगरपालिकाहरु, जिविस, जिल्ला स्थित बिषयगत सरकारी तथा गैरसरकारी र दातृसंस्था हरुलाई प्रगति विवरण, सफल पक्ष र कार्यकम सञ्चालनमा देखिएका प्रमुख समस्या सहित समीक्षाका लागी आमन्त्रण गरिएको थियो । स्थानीय विकास अधिकारी श्री युवराज सुवेदीको अध्यक्षता एवं प्रमुख जिल्ला अधिकारी श्री विष्णुप्रसाद ढकाल ज्यूको प्रमुख आतिथ्यतामा सञ्चालित उक्त वैठकमा राजनैतिक दलका प्रतिनिधिहरु, पत्रकारहरु, लक्षित वर्गका उपाध्यक्ष वा संयोजक,

गाविस सचिवहरु, गैरसरकारी संस्थाका प्रमुख एवं प्रतिनिधिहरु समेतको  सक्रीय सहभागिता रहेको थियो । जसमध्ये १८ बिषयगत कार्यालय, ४२ गाविस, १ उप महा नगरपालिका,५ नगरपालिका र ८ वटा गैरसरकारी संस्थाहरुको वार्षिक प्रगति प्रतिवेदन  प्रस्तुत गरिएको थियो । दुई दिन सम्म चलेको समीक्षा वैठकको सञ्चालन कार्यक्रम अधिकृत टोपलाल शर्माले गर्नुभएको थियो ।

## समीक्षा वैठकको उद्देश्य

- अपेक्षित भौतिक प्रगतिको तुलनामा  वास्तविक भौतिक प्रगति कति भयो भन्नेवारेमा जानकारी लिनु ।
- अपेक्षित नतिजाको तुलनामा  वास्तविक नतिजा हासिल भयो या भएन भन्नेवारेमा थाहा पाउनु ।
- कार्यक्रम सञ्चालनको सन्दर्भमा देखा परेका समस्याहरु पहिचान गरी समाधानको उपाय खोज्नु ।
- समीक्षा वैठकमा प्रस्तुत वार्षिक प्रगति प्रतिवेदनका प्रमुख उपलब्धीहरु, सुधार्नुपर्ने समस्या तथा कठीनाईहरु जिविस वैठकमा पेश गरी उपयुक्त समाधान उपाय खोजी जिल्लाको योजना तर्जुमा एवं कार्यान्वयन प्रकृयालाई प्रभावकारी वनाउनु ।

## समीक्षा वैठकको कार्यक्रम

(१) सहभागीहरुको नाम दर्ता

(२) अध्यक्षता एवं अतिथिको आसन ग्रहण

(३) परिचय

(४) कार्यक्रमको उद्रघाटन

(५) कार्यक्रमका उद्देश्य माथि प्रकाश

(६) प्रत्येक गाविस, गै.स.स.प्रमुखहरु एवं विषयगत कार्यालय प्रमुखबाट प्रगति प्रतिवेदनको प्रस्तुति

(७) प्रस्तुत प्रगति प्रतिवेदन माथि छलफल र सूझाब ब्यक्त

(८) समापन मन्तब्य

(९) अध्यक्षबाट वैठक समापन

**समीक्षा वैठकमा  आमन्त्रण गरिएका सहभागीहरु**

| | |
|---|---|
| (१)  विषयगत कार्यालय, गै.स.स. प्रमुख एव प्रतिनिधि | २० |
| (२)  प्रमुख जिल्ला अधिकारी | १ |
| (३)  प्रमुख कोलेनिका | १ |
| (४)  राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि | २३ |
| (६)  सहजकता | ६ |
| (७)  सहाएक सहजकता | ५ |
| (८) पत्रकार | १० |
| ९) सहयोगी कर्मचारी | ३ |
| १०) गाविस सचिवहरु | ४८ |
| ११)  न.पा. सचिव वा प्रतिनिधि | ६ |
| १२)  लक्षित वर्गका प्रतिनिधि | ५ |
| (१०) कार्यालयका अन्य कर्मचारी | ३० |
| **जम्मा** | १५८ |

समीक्षा वैठकमा कार्यक्रम कार्यक्रममा प्रयोग गरिएका सामग्रीहरु:

- कम्प्युटर/ल्यापटप
- LCD प्रोजेक्टर
- वोर्डमार्कर
- मास्किङ्ग टेप
- आवश्यक अन्य सामग्री

**समीक्षा बैठक संचालन प्रकिया :-**

प्रमुख जिल्ला अधिकारी श्री विष्णुप्रसाद ढकालज्यूको प्रमुख आतिथ्यतामा सञ्चालित उक्त समीक्षा बैठकको अध्यक्षता स्थानीय विकास अधिकारी श्री युवराज सुवेदीले गर्नु भएको थियो । नेपाली काग्रेसका प्रतिनिधि वैजनाथ पाठक, नेकपा एमालेका जिल्ला प्रतिनिधि विष्णु प्रसाद तिवारी , ए.नेकपा माओवादीका चोपलाल आचार्य, रा.प्र.पा नेपालका जिल्ला अध्यक्ष श्री वसन्त विक्रम शाही, रा.प्र.पा का क्षेत्रीय अध्यक्ष श्री चन्द्रशेखर नेपाल कम्युनिष्ट पार्टी एकीकृतका जिल्ला इन्चार्ज वालकृष्ण भुषाल, नेकपा मालेका जिल्ला अध्यक्ष श्री मोहनसिंह राना ,ने.कपा.संयुक्तका जिल्ला अध्यक्ष श्रीकृष्ण गुरुङ,थरुहट पार्टी नेपालका जिलला सदस्य श्री केशव चौधरी उपस्थित हुनु भएको थियो । त्यस्तै गरी बैठकमा जिल्ला स्तरीय विषयगत, कार्यालयका प्रमुख/प्रतिनिधि, नगरपालिकाका कार्यकारी अधिकृतहरु गाविस अध्यक्ष/सचिवहरु, पत्रकारहरु र कार्यालयका अन्य कर्मचारीहरुको उपस्थिती थियो ।

आयोजक जिल्ला विकास समितिको कार्यालयको तर्फबाट कार्यक्रममा उपस्थित अतिथि एवं सहभागीहरुलाई स्वागत एवं कार्यक्रम अयोजनाको उदेश्य माथि प्रकाश पार्दै योजना अनुगमन तथा प्रशासकीय अधिकृत श्री विष्णुप्रसाद ढुंगानाले गत आ.ब.०७१।०७२ मा निर्धारित लक्ष अनुसार के कति प्रगति भयो , कार्यक्रम संचालन गर्ने सन्दर्भमा के कस्ता समस्याहरु र चुनौतिहरु रहे , त्यसको समीक्षा गर्ने उदेश्यले कार्यक्रमको आयोजना गरिएको कुरा बताउदै हामीले कार्यक्रम तर्जुमा र संचालनको सन्दर्भमा अवलम्बन गरिएका नीतिहरु उपयुक्त थिए वा थिएन तिनमा के कसरी परिवर्तन गर्नु पर्दछ र त्यो आवश्यक छ या छैन भन्ने निर्क्योल समयमा हुनु पर्दछ , यो कुरालाई ऐनले पनि अनिवार्य रुपमा लिएको छ, सोही अनुसार नै यो समीक्षा बैठकको अयोजना गरिएको हो भन्नु भएको थियो । त्यसपछि मन्तव्यद्धारा प्रमुख जिल्ला अधिकारी श्री विष्णु प्रसाद ढकाल ज्यूले कार्यक्रमको उद्घाटन गर्नु भएको थियो ।

कार्यक्रमको उद्घाटन पश्चात आ.ब.०७१।०७२ को प्रगति प्रतिवेदन प्रस्तुत गर्ने कार्य शुरु गरिएको थियो । विषयगत कार्यालयका कार्यालय प्रमुखहरु,गाविस सचिव तथा संघसंस्थाका प्रमुख एवं प्रतिनिधिहरुले आ–आफनो कार्यालयको आय व्यय सहितको प्रगति प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यक्रममा आ–आफनो कार्यालयको आय व्यय सहितको प्रगति प्रस्तुत गर्ने कार्यालय एवं संघ संस्थाहरु देहाय अनुसार रहेका छन् ।

१) घरेलु तथा साना उद्योग कार्यालय - कार्यालय प्रमुख डण्डपाणि भुषाल

२) महिला तथा वालवालिका कार्यालय- कार्यालय प्रमुख उषा रावल

३) जिल्ला भू-संरक्षण कार्यालय : कार्यालय प्रमुख आनन्दराम घिमिरे

४) जिल्ला कृषि विकास कार्यालय :- कार्यालय प्रमुख श्री भोजराज सापकोटा

५) जिल्ला पशुसेवा कार्यालय - प्रतिनिधि डा श्री गान्धीराज उपाध्याय

६) जिल्ला शिक्षा कार्यालय :- कार्यालय प्रमुख श्री टेकवहादुर थापा

७) जिल्ला बन कार्यालय :- प्रतिनिधि श्री गिरीराज पन्त

८. जिल्ला जनस्वाथ्य कार्यालयका - कार्यालय प्रमुख श्री ऋषिप्रसाद लामीछाने

९) भैरहवा लुम्बिनी सिंचाई व्यवस्था डि.नं.६ - कार्यालय प्रमुख ........................

१०)खानेपानी तथा सरसफाइसव डि.कार्यालय बुटवल - कार्यालय प्रतिनिधि ई. देवीप्रसाद पाठक

११) पश्चिमान्चल सडक डिभिजन कार्यालय :- कार्यालय प्रतिनिधि इ.नेत्र प्रसाद घिमिरे

१२ जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजनकार्यालय रुपन्देही :- कार्यालय प्रतिनिधि ई. वेदप्रकाश त्रिपाठी

१३ जिल्ला विकास समितिको कार्यालय रुपन्देही :- प्र.जि.ई.श्री पुस्कर प्रसाद पोखरेल

१४ पश्चिमान्चलसिञ्चाइ विकास डिभिजन नं ६ :- कार्यालय प्रमुख अक्षर गोपाल श्रेष्ठ

१५ जिल्ला वाल कल्याण समिति रुपन्देही :- श्री राज्यलक्ष्मी गुप्ता

१६ भु.ज.वि.स.वुटवल :- प्रतिनिधि :-श्री ............................

१७. जनताको तटवन्ध फिल्डकार्यालय वुटवलः :- प्रतिनिधि श्री भरत प्रसाद सापकोटा

१८. वुटवल नगरपालिकाको कार्यालय :- प्रतिनिधि श्री डोलराज पौडेल

१९.सिद्यार्थनगर नगरपालिकाको कार्यालय :- प्रतिनिधि ई.श्री जीवन अर्याल

२०.तिलोत्तमा नगरपालिकाको कार्यालयः- कार्यालय प्रतिनिधि श्री विनोद ज्ञवाली

२१. सैनामैना नगरपालिकाको कार्यालयः- कार्यालय प्रमुख श्री रोमनाथ न्यौपाने

२२. देवदह नगरपालिकाको कार्यालयः- कार्यालय प्रमुख श्री गणेश खनाल

२३. लु.सा. नगरपालिकाको कार्यालयः- कार्यालय प्रमुख श्री वनारसी प्रसाद हरिजन

२४. लुम्विनी अञ्चल आयुर्वेद अस्पतालः कार्यालय प्रमुख श्री चेतनाथ आचार्य

२५. विद्युत प्राधिकरण वितरण केन्द्र वुटवलः कार्यालय प्रमुख श्रीं...................................

त्यस्तै गरी निम्न अनुसारका गाविसहरुले आ आफनो गाविसको तर्फवाट आ.व. २०७१।०७२को प्रगति प्रतिवेदन पेश गरेको थिए ।

| | |
|---|---|
| १.असुरैना | २.बगाहा |
| ३.बसन्तपुर | ४.बेतकुईया |
| ५.विष्णुपुरा | ६.वोदवार |
| ७.बगौली | ८.बोगडी |
| ९.छिपागढ | १०.छो. रामनगर |
| ११.चिल्हिया | १२.दयानगर |
| १३.धकधई | १४.धमौली |
| १५.फरेना | १६गजेडी |
| १७.वैरघाट | १८.गोनाहा |
| १९.हर्नैया | २०.हा वनगाइ |
| २१.हाटीफर्साटिकर | २२.जोगडा |
| २३.कम्हरिया | २४.करौता |
| २५.खडवा बनगाई | २६.मैनहिया |
| २७.मझ्गागांवा | २८मानमटेरिया |
| २९.मानपकडी | ३०.मर्यादपुर |
| ३१मसिना | ३२.पडसरी |
| ३३.पजरकट्टी | ३४.पटखौली |
| ३५.सक्रौनपकडी | ३६.पोखरभिण्डी |
| ३७.रायपुर | ३८.रोईनीहवा |
| ३९.रुद्रपुर | ४०.सांडी |
| ४१.सालझ्ण्डी | ४२.सेमरा |
| ४३.सिक्टहन | ४४.सिलाटीया |
| ४५.सिपवा | ४६.सौ. फर्साटिकर |
| ४७.सुर्यपुरा | ४८.थुम्हवापिपरह |

त्यस्तै जिल्लामा सकृय तपसिलका गै.स.स.हरुवाट बार्षिक समिक्षा कार्यक्रममा भाग लिई गत आवको प्रगति प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

१ सेतो गुराँस रुपन्देही
२ ग्रामीणसामुदायिकविकास केन्द्र
३ नमूना एकीकृत विकास परिषद रुपन्देही
४ आम्दा नेपाल
५ तराई विकास मञ्च नेपाल
६ सिद्यार्थ सा. समाज रुपन्देही
७ इन्द्रेणी ग्रा.विकास केन्द्र नेपाल
८ नेपाल वालकल्याण समिति रुपन्देही
९ स्थानीय शान्ति समिति रुपन्देही
१० सामुदायिक कल्याण कार्यक्रम
११ कदम नेपाल
१२ दिगो विकासका लागि एकता
१३ पलकेश वहुउद्येशीय जनहित केन्द्र
१४ इन्द्रेणी ग्रामीण विकास केन्द्र
१५ लुम्विनीएकीकृत विकास समाज
१६ तराइ दलित सरोकार केन्द्र
१७ तराई विकास मञ्च

उक्त वैठकमा विषयगत कार्यालय र गै.स.स प्रमुख एवं प्रतिनिधिहरुले पेश गरेको प्रगतिको संक्षिप्त प्रगति यस अनुसार रहेको छ ।

| क.स. | कार्यलय / संघसंस्थाको नाम | आम्दानी रु हजारमा | खर्च रु हजारमा | प्रगति प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तीय | |
| ऋ | विषयगत कार्यलयहरु | | | | | |
| १ | खापा.तथा स.स.डि.कार्यालय | २४७६६५ | २४०१४४ | | ९६.९६ | |
| २ | जिल्ला शिक्षा कार्यालय | १३६६००९.७०९ | १२७२३२२.७२९ | | ९३.१४ | |
| ३ | जिल्ला पशु सेवा कार्यालय | | | | | |
| ४ | सि.भूमिगतजलश्रोतवि.स.वुटवल | ४०८०७ | ३७७६२.४ | | ९२.५ | |
| ५ | जनताको ततवन्ध फि.कार्यालय | | | | | हार्ड कपीमा कुरो बुझिएन |
| ६ | लु.अ.आ.औषधालय | ४५५५ | ४४११.७२६ | १०० | ९७ | |
| ७ | प.सिञ्चाई डि.न.६ | ८४७१२ | ७५३५५ | | ९२.२२ | |
| ८ | सिद्यार्थनगर न.पा | ३५५८९६.९७ | ३३४६४०.२२ | | ९४.११ | |
| ९ | जिल्ला कृ.वि.कार्यालय | ७१२२२ | ६७३०४.३ | ९८.५१ | ९४.५ | |
| १० | महिला तथा वालवालिका कार्यालय | २३८४२.१६ | २३७६० | | ९९ | |
| ११ | घरेलुतथा सानाउद्योग कार्यालय | ६४४५.६३८ | ५१६७.७५० | ९०.३३ | ८९.४ | |
| १२ | जिल्ला जनस्वास्थ्य कार्यालय | २४६४९२ | २३१७८६ | ९५.८१ | ९४.०३ | |
| १३ | जिल्ला वन कार्यालय | २९१३० | २५७४९.१ | | ९१.५१ | |
| १४ | जिल्ला भूसंरक्षण कार्यालय | १४२०० | १४०७२.०४ | | ९९ | |
| १५ | ज.उ. प्रकोप तथा न.नि.कार्यालय | १३६५० | १२६१५.९८ | | ९२.२४ | |
| १६ | प.सडक डि.कार्यालय | | | | | |
| १७ | वुटवल नगरपालिका | | | | | |
| १८ | भै.लु.भु सि.व्य.डि.नं ६ | | | | | |
| १९ | जिल्ला विकास समितिको कार्यालय | १०५६२४० | ८१८०५५ | | ७७ | |
| २० | तिलोत्तमा न.पा | १५५१५२ | १२११४८ | | ७८.०८ | |
| २१ | देवदह न.पा | | | | | |
| २२ | सैनामैना न.पा | ६४७०८ | ४५८१६ | | ७०.८ | |
| २३ | लु.सा.नगरपालिका | ८७३६३.६३२ | ७३२९५.६८३ | | ८३.८९ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | बु.न.पा | | | | | |
| २५ | डिभिजन सडक कार्यालय | ७६७५६४.६७४ | ६७०६८७.१७० | | ८७.३७ | |
| २६ | डिभिजन सहकारी कार्यालय | २४४२ | | | | |
| | | | | | | |
| २७ | आम्दा हस्पिटल | | | | | |
| २८ | नेपाल बिद्युत प्राधिकरण | ३७७५० | | | | |
| २९ | नेपाल टेलिकम | | | | | |
| आ | **गैससहरु** | | | | | |
| १ | सेतो गुराँस रुपन्देही | - | - | - | - | |
| २ | ग्रामीणसामुदायिकविकास केन्द्र | | | | | |
| ३ | नमूना एकीकृत विकास परिषद | ३८८२.१५४ | ३८८२.१८३ | | | |
| ४ | चादनी नेपाल | | | | | |
| ५ | तराई विकास मञ्च नेपाल | | | | | |
| ६ | सिद्धार्थ सा. समाज रुपन्देही | | | | | |
| ७ | इन्द्रेणी ग्रा.विकास केन्द्र नेपाल | १७२६२ | १६२७८ | | ९४ | |
| ८ | फ्रेण्डसर्भिस काउन्सिल नेपाल | | | | | |
| ९ | युनाइटेड मिसन टु नेपाल | | | | | |
| १० | सामुदायिक कल्याण कार्यक्रम | ८१७९ | ८१७९ | | १०० | |
| ११ | वर्ल्ड भिजन नेपाल | | | | | |
| १२ | दिगो विकासका लागि एकता | | | | | |
| २२ | कदम नेपाल | ७६३ | ७६३ | | १०० | |
| २१ | पल्केश | ३४८ | ३४८१ | | १०० | |
| २३ | मातृ शिशु स्वास्थ्य सहयोग परियोजना | ६२२९५० | ६२२९५० | | १०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १. | असुरैना. | | | | |
| २ | पश्चिम अमवा | २०४२७.१५६ | १७२११.९८१ | | ८४.४२ |
| ३. | बगाहा. | ३१९९ | २९२७.३३६ | | ९१.५ |
| ४. | वैरघाट. | ३६९०.२८३ | ३५३२.१०२ | | ९६ |
| ५. | बसन्तपुर | ३९५६.३६७ | २७४८.०६० | | ६९.९४ |
| ६. | बेतकुईया. | ३५५९.१३० | ३०७०.४४२ | | ८६.२ |
| ७. | विष्णुपुरा | ७२८७.४१७ | | | |
| ८. | वोदवार. | ४०६७.०१२ | ३७९६.६५६ | | ९३.३ |
| ९. | बगौली. | | | | |
| १०. | बोगडी. | ३१७४.७७१ | २९१३.१२३ | | ९१.७५ |
| ११. | छिपागढ | ४२०३.३९५ | ३९९६.६२७ | | ९५.०८ |
| १२. | छो. रामनगर. | ४३५०.०५ | ३८८९.८९ | | ८९.५ |
| १३. | चिल्हिया | १०७१५.१७९ | ८८६९.०११ | | ८२.७७ |
| १४. | दयानगर. | ५१४१.४२१ | ७६३७.९१५ | | |
| १५. | धकधई. | | | | |
| १६. | धमौली. | ३०५०.७९६ | २६८७.२८९ | | ८८.०८ |
| १७. | फरेना | | | | |
| १८ | गजेडी. | ७२९८.३१९ | ७२९८.३१९ | | १०० |
| १९. | गोनाहा. | ६५४६.७०२ | ७४८३.६९५ | | |
| २०. | हर्नैया. | | | | |
| २१. | हा वनगाइ. | ४८०.२५० | ५९३३.८ | | |
| २२. | हाटीफर्साटिकर | ४३९२.५२३ | ४०२६.११८ | | ९१.६ |
| २३. | जोगडा. | | | | |
| २४ | कम्हरिया | | | | |
| २५ | करौता. | ८०६४.३१२ | ८९५८.७८१ | | |
| २६ | खडवा बनगाई | ७८८३.२१२ | ७८८३.३१२ | | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | मैनहिया. | ६८२० | ५४२३.७५२ | | ७९.५ |
| २८ | मझगांवा | ३२८६.१२५ | ३३७९.९२५ | | |
| २९ | मानमटेरिया. | | | | |
| ३० | मानपकडी | ३९२८.७२४ | ११३९.७७३ | | २८.९ |
| ३१ | मर्यादपुर. | ४२५७.९३१ | ३०६६.०८९ | | ७२ |
| ३२ | पडसरी | ८९७९.३९७ | ८९४४.६०७ | | ९९.६ |
| ३३ | पजरकट्टी. | २६१४.५ | ३३४६ | | |
| ३४ | सक्रौनपकडी | | | | |
| ३५ | पटखौली. | २९३२.६९६ | ३५३७.१३९ | | |
| ३६ | पोखरभिण्डी. | ४६०५.७११ | ४२१०.१७८ | | ९१.४ |
| ३७ | रायपुर. | | | | |
| ३८ | रोईनीहवा | | | | |
| ३९ | रुद्रपुर. | ६५३९.०५८ | ५५१०.७९१ | | ८४.२६ |
| ४० | सांडी. | | | | |
| ४१ | सालझण्डी. | ७३८८.०२० | ७३८८.०२० | | |
| ४२ | सेमरा | ३२००.८९८ | ४९१९.१९४ | | |
| ४३ | सिक्टहन | ७३८१.८८१ | | | |
| ४४ | सिलाटीया. | | | | |
| ४५ | सिपवा | ४२२१.३१२ | ४०५८.४५९ | | ९६.१४ |
| ४६ | सौ. फर्साटिकर. | ८०००.८९२ | ७०७८.६९७ | | ८८.४ |
| ४७ | सुर्यपुरा | २२३५९ | १९८७५ | | ८८.८९ |
| ४८ | थुम्हवापिपरहवा | २१०२.५ | ३७३६.३३ | | |

वैठकमा गाविस सचिवहरु,गै.स.स प्रमुख एवं प्रतिनिधिहरु र कार्यालय प्रमुखहरुले आ-आफ्नो कार्यालयको प्रगति विवरण प्रस्तुत पश्चात स्पष्ट नभएका विषयमा सहभागीहरुले जिज्ञासा राख्नु भएको थियो । वैठकमा उठेका जिज्ञासाहरुको उत्तर सम्वन्धित विषयगत कार्यालयका कार्यालय प्रमुख एवं प्रतिनिधिहरुले दिनुभएको थियो । समग्रमा ८० प्रतिशत भन्दा वढी प्रगति भएको छ ।

## समीक्षा वैठकमा उठाईएका समस्याहरुः

- योजना सञ्चालनमा जनसहभागिता न्यूनहुनु ।
- श्रोतको तुलनामा योजना माग अत्याधिक हुनु ।
- गाविसहरुमा जनशक्ति प्रयाप्त  नहुनु ।
- विषयगत कार्यालय विषेशगरी कषि,पशुसेवा,जिल्ला वन,महिला तथा वालवालिका कार्यालयमा कार्यक्रम वजेट न्यून हुनु ।
- गै.स.सहरुको वजेट पूर्ण पारदर्शी हुन नसक्नु ।
- समीक्षा मात्रै कर्मकाण्डी हुनु  ।
- कतै कतै कार्यक्रममा दोहोरो पन देखिनु ।

## समीक्षा वैठकमा राजैतिक दलका प्रतिनिधि तथा अन्य सरोकारवालाहरुवाट प्राप्त सुझावहरु :

- समीक्षा वैठकलाई औपचारिकतामा मात्र सिमित गर्न नहुने ।
- आम्दानी तथा खर्चलाई पूर्ण पारदर्शी वनाउनु पर्ने ।
- गै.स.सहरुको वजेट पूर्ण पारदर्शी हुनु पर्ने ।
- लक्षित वर्गलाई विनियोजित वजेट पूर्णरुपमा लक्षित वर्गलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रममा खर्च गर्नु पर्ने ।
- इलाका गोष्ठीवाट योजनहरु छनौट गर्दा प्राथमिकता तोकिनु पर्ने ।
- इलाका गोष्ठीवाट प्राथमिकता तेकेर आएका योजनाहरुलाई नै प्राथमिकता दिइ जिल्ला विकास योजना तयार गर्नु पर्ने ।
- इलाका गोष्ठीमा विषयगत कार्यालयका जिम्मेवार पदाधिकारी उपस्थित भई कार्यक्रमहरुको वारेमा जानकारी गराउनु पर्ने ।
- लक्षित वर्गका कार्यक्रम पनि इलाका गोष्ठीवाटै माग भई आउनु पर्ने ।
- वेरुजु पछ्र्यौटका लागि तदारुकताका साथ पहल गर्नु पर्ने ।
- समीक्षा गोष्ठीमा कार्यालय प्रमुख नै उपस्थित हुनु पर्ने ।
- गैरसरकारी संस्थाहरुले आफ्नो कार्यक्रम जिविसमा स्वीकृत गराएर मात्र लागु गर्नु पर्ने
- कार्यालयका शाखा शाखावीच समन्वय हुनु पर्ने ।
- स साना योजना भन्दा ठूला योजनालाई वढी प्राथमिकता दिनु पर्ने ।
- अनुगमनलाई थप प्रभावकारी वनाउनु पर्ने ।

(कार्यक्रममा विषयगत कार्यालयका कार्यालय प्रमुख एवं प्रतिनिधिहरुले प्रस्तुत गर्नु भएको प्रगतिको पूर्ण विवरण एवं समीक्षा वैठकका निर्णहरु प्रतिवेदनको अनुसूचिमा संलग्न छ ।)

**समापन**

कार्यक्रममा उपस्थित विषयगत कार्यालयद्धारा आ-आफनो कार्यालयको प्रगतिको प्रस्तुति पश्चात समापन कार्यक्रममा पारदर्शी नेपालका जिल्ला अध्यक्ष सोमनाथ सिग्देल, दलित वर्ग जिल्ला समन्वय समितिका उपाध्यक्ष रवि वि.क. नेकपा मालेका श्री मोहनसिंह राना, नेकपा माओवादीका श्री चोपलाल अर्याल, जनमोर्चा नेपालका चित्रवहादुर थापा,थरुहट पाटी नेपालका केशव चौधरी, जनमोर्चाका जिल्ला अध्यक्ष श्री वद्रे आलम,नेकपा एमालेका जिल्ला सदस्य विष्णु प्साद तिवारी, नेपाली कांग्रेसका जिल्ला सदस्य श्री वैजनाथ पाठकले आ आफ्ना भनाइहरु राख्नु भएको थियो । समग्रमा उहाहरुको भनाई थियो– यस किसिमको समीक्षा बैठकमा जिल्ला भित्र रहेका विकास निर्माण संग सम्बन्धित सबै कार्यालयहरुको उपस्थिती हुनु पर्दछ र समीक्षा सतहमा होइन गहिराइमा पुगेर गर्नु पर्दछ । समीक्षाबाट उपलव्धीका साथै समस्याको समेत पहिचान हुने हुदां आगामी योजना तर्जुमा पनि यसले सहयोग पुऱ्याउछ । अन्त्यमा अनुपस्थित विषयगत कार्यालयहरु प्रति जिज्ञासा राख्दै पारदर्शिताको महत्वपूर्ण पक्ष समीक्षा बैठक भएकोले यसकिसिमको कार्यक्रममा सबैको उपस्थिती अनिवार्य छ । समीक्षा वैठकले गरेका निर्णहरुको जानकारी गराउदै अन्त्यमा कार्यक्रममा उपस्थित सबै विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधिहरु पत्रकारहरु कर्मचारी साथीहरु सबैलाई धन्यवाद दिंदै आफ्ना भनाईहरुका साथ कार्यक्रमको अध्यक्षता गरि रहनु भएका स्थानीय विकास अधिकारी श्री युवराज सुवेदीज्यूबाट कार्यक्रमको समापन भयो ।

# अनुसूचि(क)

- समीक्षा गोष्ठी/वैठकमा प्रस्तुत प्रगति प्रतिवेदन
  - जिल्ला भू संरक्षण कार्यालय
  - जिल्ला पशुसेवा कार्यालय
  - जिल्ला बन कार्यालयः-
  - खानेपानी तथा सरसफाइ सव डि. कार्यालय बुटवल
  - जिल्ला शिक्षा कार्यालय
  - जिल्ला कृषि विकास कार्यालय
  - घरेलु तथा साना उद्योग कार्यालय
  - भैरहवा लुम्बिनी सिंचाई व्यवस्था डि.नं.६
  - महिला विकास कार्यालय-
  - पश्चिमान्चल सडक डिभिजन कार्यालय
  - जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय रुपन्देही
  - जनताको तटवन्ध फिल्डकार्यालय वुटवल
  - नेपाल टेलिकम
  - जिल्ला विकास समितिको कार्यालय रुपन्देही
  - अञ्चल आयुर्वेद अस्पताल वुटवल
  - डिभिजन सहकारी कार्यालय
  - नेपाल विद्युत प्राधीकरण
  - सडक डिभिजन कार्यालय
  - वुटवल उपमहानगरपालिकाको कार्यालय :-
  - सिद्यार्थनगर नगरपालिकाको कार्यालय
  - तिलोत्तमा नगरपालिकाको कार्यालय
  - सैनामैना नगरपालिकाको कार्यालय
  - देवदह नगरपालिकाको कार्यालय
  - लु.सा नगरपालिकाको कार्यालय
  - गैरसरकारी संस्थाहरुवाट प्रस्तुत प्रतिवेदनहरु
- सहभागीहरुको उपस्थिति
- समीक्षा गोष्ठी/वैठकको निर्णय

# अनुसूचि(ख)

- गा वि.सहरुद्वारा प्रस्तुत प्रतिवेदनहरु

# यस भित्र

पृष्ठभूमि

- समीक्षा गोष्ठी/वैठकको उद्येश्य
- समीक्षा गोष्ठी/वैठकको कार्यक्रम
- समीक्षा गोष्ठी/वैठकमा आमन्त्रण गरिएका सहभागीहरुको संख्या
- समीक्षा गोष्ठी/वैठक कार्यक्रममा प्रयोग गरिएका सामग्रीहरु
- समीक्षा गोष्ठी/बैठक संचालन प्रक्रिया

अनुसूचि

- समीक्षा गोष्ठी/वैठकमा प्रस्तुत प्रगति प्रतिवेदन
    - जिल्ला भू संरक्षण कार्यालय
    - जिल्ला पशुसेवा कार्यालय
    - जिल्ला बन कार्यालयः-
    - खानेपानी तथा सरसफाइ सव डि. कार्यालय बुटवल
    - जिल्ला शिक्षा कार्यालय
    - जिल्ला कृषि विकास कार्यालय
    - घरेलु तथा साना उद्योग कार्यालय
    - भैरहवा लुम्बिनी सिंचाई व्यवस्था डि.नं.६
    - महिला विकास कार्यालय-
    - पश्चिमान्चल सडक डिभिजन कार्यालय
    - जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय रुपन्देही
    - जनताको तटवन्ध फिल्डकार्यालय वुटवल
    - नेपाल टेलिकम
    - जिल्ला विकास समितिको कार्यालय रुपन्देही
    - अञ्चल आयुर्वेद अस्पताल वुटवल
    - डिभिजन सहकारी कार्यालय
    - नेपाल विद्युत प्राधीकरण
    - सडक डिभिजन कार्यालय
    - वुटवल उपमहानगरपालिकाको कार्यालय :-
    - सिद्यार्थनगर नगरपालिकाको कार्यालय
    - तिलोत्तमा नगरपालिकाको कार्यालय
    - सैनामैना नगरपालिकाको कार्यालय
    - देवदह नगरपालिकाको कार्यालय
    - लु.सा नगरपालिकाको कार्यालय
    - गैरसरकारी संस्थाहरुवाट प्रस्तुत प्रतिवेदनहरु
- सहभागीहरुको उपस्थिति
- समीक्षा गोष्ठी/वैठकको निर्णय